# स्थानीय तहको वडास्तरीय सामाजिक परीक्षण प्रतिवेदन

## २०८२, पौष

## राप्ती गाउँपालिका वडा नं. ८,




## दाङ

## प्रतिवेदक


### नामसालिङ सामुदायिक विकास केन्द्र

### इलाम

### १. पृष्ठभूमिः

स्थानीय तहको सामाजिक परीक्षण सम्पन्न गर्न तत्कालका लागि कार्यविधि कानूनहरुको कमी रहेको अवस्थामा स्थानीय सरकार संञ्चालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ को (५)मा उल्लेख भएको प्रावधान एवंम् विगतमा प्रचलनमा रहेको स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ मा समावेश भएका विधि, प्रक्रिया र औजारहरु र विगतका अभ्यासहरुको समेत आधारमा यो सामाजिक परीक्षण सम्पन्न गरिएको छ । दाङ्ग जिल्ला राप्ती गाँउपालिका अन्तर्गत छनोट भएका तीन वटा वडाहरु मध्ये वडा नं. ८ को सामाजिक परीक्षणका क्रममा प्राप्त तथ्यहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । सहभागितात्मक योजना छनोट प्रक्रिया अवलम्बन गरी गाउँपालिकाले औपचारिक रुपमा पारित गरेको नीति, बार्षिक बजेट तथा कार्यक्रम अनुसार यस वडामा कार्यान्वयन भएका विकास गतिविधिहरु, सामाजिक सुरक्षा, नियमित नागरिक सेवा, जनसम्बन्ध, समन्वय, साझेदारी, नागरिक गुनासो तथा सूचना व्यवस्थापन, सेवाप्रदायकहरुको सामाजिक आचरण तथा आचार संहिताहरुको परिपालना जस्ता विविध विषयक्षेत्रहरुमा रही यो सामाजिक परीक्षण सम्पन्न गरिएको छ । सेवाहरु प्रदान गर्दा आफ्ना नागरिक र आम सेवाग्राहीहरु प्रति स्थानीय वडाले निर्वाह गरेको सामाजिक उत्तरदायित्व र नैतिक जिम्मेवारीहरु यस सामाजिक परीक्षणको केन्द्रविन्दुमा रहेका छन । यो सामाजिक परीक्षण राप्ती गाउँपालिका, स्थानीय वडाका जनप्रतिनिधिहरु, टोलविकास संस्थाको पदाधिकारीहरु, निर्माण उपभोक्ता समिति पदाधिकारीहरु, वडा कार्यालयका कर्मचारी, स्थानीय सेवाग्राही र सरोकारवालाहरुसँगको साझेदारी र समन्वयमा सम्पन्न गरिएको छ ।

### २. सामाजिक परीक्षणको उद्देश्यः


स्थानीय वडा न. ८ ले गत आर्थिक २०८१/०८२ बर्षमा सम्पादन गरेका विकास कृयाकलापहरु एंवम् सुविधाहरुको सामाजिक उपलब्धी सम्बन्धी लेखाजोखा गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । प्राप्त तथ्यांक तथा सूचनाहरुको संक्षिप्त विश्लेषणका माध्यमबाट यस प्रतिवेदनले पृष्ठपोषण प्रदान गर्ने हुँदा सुझावहरुको अभिलेखीकरण समेत यसको अतिरिक्त उद्देश्य हो ।

### ३. सामाजिक परीक्षण गरिएको स्थानीय तहः

३.१. राप्ती गाउँपालिका वडा नं. ८, पिपरी

### ४. प्रतिवेदन प्राप्त गर्ने सरोकारवालाः

- राप्ती गाउँपालिका वडा नं. ८ को कार्यालय, पिपरी दाङ्ग ।
- राप्ती गाउँपालिकाको कार्यालय, मसुरिया, देउखुरी दाङ्ग ।



राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

Phone: ०८२-४१३०७७
Email: raptiruralmunicipality@gmail.com

प.सं. २०८२/०८३
च.नं. १२९

मितिः २०८२।०४।१५

विषयः स्वीकृति प्रदान गरिएको सम्वन्धमा ।

श्री नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC),
माइजोगमाई-३, नामसालिङ, इलाम ।

प्रस्तुत विषयमा तहाँ विकास केन्द्रको च.नं. ५५/०२५, मिति २०८२/०४/१२ गतेको पत्रानुसार यस राप्ती गाउँपालकाका वडाहरुले आ.व. २०८१/०८२ मा सन्चालन गरेका विकास कार्यक्रमहरुको सामाजिक उपलब्धि सहितको लेखाजोखा गरी वडास्तरीय सामाजिक परीक्षण प्रतिवेदन तयार गर्न गाउँपालिकाका वडा नं. ६, ७ र ८ (३ वटा वडा) छनौट गरी सामाजिक परीक्षण कार्यको लागि स्वीकृति प्रदान गरिएको व्यहोरा अनुरोध छ ।

.................
(देविराम पाठक)
प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध राप्ती, सुखी र खुसी राप्तीबासी"


Scanned with CamScanner

**५. सामाजिक परीक्षण गर्ने संस्थाः**

नामसालिङ्ग सामुदायिक विकास केन्द्र (NCDC), इलाम ।
सम्पर्क ठेगानाः राप्ती गाउँपालिका वडा न. ४ मौरीघाट
सम्पर्कः ०८२–४१३०७९
*ncdcilam@ntc.net.np*

**६. तथ्यांक/सूचना संकलन विधि तथा प्रक्रियाः**

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को आधारमा परिवर्तित सम्दर्भ सहित निम्नानुसारका विधि तथा प्रक्रियाहरु अवलम्बन गरी यो सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको छ ।




६.१. अभिलेख अध्ययन तथा समीक्षा
६.२. उपभोक्ता समिति तथा सरोकारवाला अन्तरवार्ता
६.३. अवलोकन
६.४. लक्षित समूह/समुदाय छलफल
६.५. नागरिक अभिमत संकलन
६.६. नमुना सर्भेक्षण

यस राप्ती वडा न. ८ को सामाजिक परीक्षण गर्ने क्रममा राप्ती गाउँपालिका कार्यालयको मिति २०८२/०४/१६ च.न.१२९ को कार्यादेश अनुसार वडा तहको प्रारम्भिक सरोकारवाला छलफल मिति २०८२ श्रावण १८ गते वडा कार्यालयमा आयोजना गरिएको थियो । उक्त वैठक अनुसार फिल्ड अनुगमन गरी अन्तिम प्रतिवेदन मिति २०८२ पौष ६ गते वडा कार्यालयमा छलफल मार्फत पेश गरिएको छ ।

**७. सामाजिक परीक्षणको क्षेत्रः**

७.१. सामाजिक सुरक्षा ।
७.२. नियमित नागरिक सेवा ।
७.३. स्थानीय पूर्वाधार विकास निर्माण ।
७.४.जनसम्बन्ध, समन्वय र साझेदारी ।
७.५. नागरिक गुनासो तथा सूचना व्यवस्थापन ।
७.६. जनप्रतिनिधि तथा कर्मचारी आचरण, आचार-संहिताको परिपालना र उत्प्रेरणा ।

## ८. सूचनादाताहरुको बर्गीकृत विवरणः

| समुदाय | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| आदिबासी जनजाती | १४८ | ५१ | ९७ |
| दलित | १२ | ६ | ६ |
| ब्राम्हण/क्षेत्री | ७३ | ३४ | ३९ |
| मारवाडी/मधेशी | २० | ६ | १४ |
| अन्य | १५ | ७ | ८ |
| जम्माः | २६८ | १०४ | १६४ |
| प्रतिशतः | | ३९ | ६१ |

## ९. सामाजिक परीक्षण टोलीः

९.१. विनोद निरौला (योजनाविद्, नासाविके सम्पर्कः ९८५२६२०४१२)
९.२. शंशाङ्गबाबु आचार्य (कृषि अधिकृत नासाविके) ९८५७८५९६१६
९.३ धर्मबहादुर यादव ( फिल्ड संयोजक) ९८४४९२०१५५

## १०. विविधः

सामाजिक परीक्षण सम्बन्धी तथ्यांक तथा सूचनाहरु र तिनको विश्लेषण पछाडि खण्ड-ख मा समावेश गरिएकोछ ।


स्थानीय तहको सामाजिक उत्तरदायित्व
तथा
जवाफदेहिता प्रवर्द्धनका लागि
आ. व. २०८१/०८२को
वडास्तरीय सामाजिक परीक्षण
२०८२ श्रावण-१८
राप्ती गा.पा. वडा नं.८
समन्वय
राप्ती गाउँपालिका
मसुरिया, दाङ
The Development Fund
आयोजक
सामसालिङ सामुदायिक
विकास केन्द्र, दाङ


राप्ती गाउँपालिका ८ नं. वडाको
२०७९ मा निर्वाचित पदाधिकारीहरुका
नामावली
क्र.सं.
पदाधिकारीको नाम.थर
पद
फोन नं.
फोटो
१
चन्द्र बहादुर गुरुङ
वडा अध्यक्ष
९८४७८००५७०
९८१८३५७७४०
२
चम्फा पुन
महिला
वडा सदस्य
९८६८६८१३७६
३
भानु वि.क.
दलित महिला
वडा सदस्य
९८४७८६९७६२
४
दयाराम चौधरी
वडा सदस्य
९८१०८१९०९४
५
सुन्दर ब. शाही
वडा सदस्य
९८४७९२२६३८


सूचना पाटी

## खण्ड-ख

## राप्ती गाउँपालिका (दाङ्ग) वडा नं. ८ को सामाजिक परीक्षण प्रतिवेदन

### १. वडाको आधारभूत तथ्यांक:

- वडा कार्यालयको क्षेत्रफल: ९.२ वर्गकिलोमिटर
- वडा कार्यालयले प्रत्यक्ष सेवा दिनुपर्ने घरधुरी संख्या: ९२० घरधुरी (स्रोत: पालिका प्रोफायल २०७८)।
- सेवाग्राही जनसंख्या: जम्मा: ४५६२ जना
  महिला: २१८२
  पुरुष: २३८०
- सेवाक्षेत्रका वस्तीहरु: पिपरी,  पिपरा, बिजौरी, कोहलवा
- आ.व. २०८१/०८२ मा सामाजिक सुरक्षा सेवा पाउने सेवाग्राही संख्या:

### २. योजना कार्यान्वयनको अवस्था (सन्दर्भ आ.व. २०८१/०८२)

| क्र.सं. | योजनाको प्रकृति | योजनाको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जम्मा योजना | कार्यान्वयन भएका | कार्यान्वयनमा नभएका | |
| २.१. | सिंचाई, कृषि र पशुपालन सम्बन्धी | ४ | ४ | ० | पालिका, संघसस्थाहरुको समेत |
| २.२. | धार्मिक, सांस्कृतिक  तथा पर्यटन सम्बन्धी | ८ | ८ | ० | |
| २.३. | शिक्षा तथा शैक्षिक पूर्वाधार सम्बन्धी | २ | २ | ० | संघसस्था पालिका स्तरीय समेत |
| २.४. | सामुदायिक स्वास्थ्य, सरसफाई, पोषण र स्वास्थ्य पूर्वाधार सम्बन्धी | २ | २ | ० | |
| २.५. | खानेपानी तथा जलाशय, स्रोत संरक्षण सम्बन्धी | १ | १ | ० | |
| २.६. | सडक, पूल र यातायात पूर्वाधार सम्बन्धी | ५ | ४ | १ | पालिका तथा प्रदेश समेत |
| २.७. | युवा, खेलकुद सीप विकास  र स्वरोजगारी प्रबर्द्धन सम्बन्धी | १ | १ | ० | |
| २.८. | लक्षितवर्ग तथा समावेशी विकास सम्बन्धी | १ | १ | ० | |
| २.९. | वातावरणीय तथा पर्यावरणीय विकास सम्बन्धी | ० | ० | ० | |
| २.१०. | बिद्यूत तथा बैकल्पिक ऊर्जा | ० | ० | ० | |
| २.१२ | आय आर्जन तथा पर्यटन, होमस्टे | १ | १ | ० | |
| २.१३ | सार्वजनिक निर्माण | ३ | ३ | ० | |
| २.१४. | संस्थागत विकास | २ | २ | ० | संघसस्था समेत |

| | | | | | |
|---|---|---|---|---|---|
| २.१५ | विविध (अन्तरसम्बन्धित): अध्ययन अनुसन्धान, क्षमता विकास, प्रयोग, परीक्षण, सार्वजनिक निर्माण, योजना निर्माण सम्बन्धी | ५ | ४ | ० | |
| जम्मा योजना: | | ३४ | ३३ | १ | |
| प्रतिशत: | | | ९८% | ३% | |

## ३. वडाको सेवा प्रवाह र विकास कार्यसम्पादन प्रतिको जनअभिमत:

| क्र.सं. | सेवाको क्षेत्र | जम्मा अभिमतकर्ता | अभिमतकर्ताको प्रतिक्रिया | | | | कफियत |
|---|---|---|---|---|---|---|---|
| | | | उत्कृष्ठ | सामान्य | कमजोर | धेरै कमजोर | |
| ३.१. | सामाजिक सुरक्षा | ३४ | २४ | ८ | २ | ० | |
| ३.२. | नियमित नागरिक सेवा | ६३ | ५२ | ८ | २ | १ | |
| ३.३. | स्थानीय विकास निर्माण | ६२ | ४७ | ९ | ३ | ३ | |
| ३.४. | जन-सम्बन्ध, समन्वय र साझेदारी | ३० | १९ | ६ | ३ | २ | |
| ३.५. | नागरिक गुनासो तथा सूचना व्यवस्थापन | ४९ | ३९ | ६ | ३ | १ | |
| ३.६. | जनप्रतिनिधि तथा कर्मचारी आचारण, आचार-संहिताको पालना र उत्प्रेरणा | ३० | २२ | ४ | ३ | १ | |
| | | २६८ | २०३ | ४१ | १६ | ८ | |
| | प्रतिशत: | १०० | ७६ | १५ | ६ | ३ | |

## टोलविकास संस्था तथा पदाधिकारीहरुको नामावली

| सि.न | टोलविकास संस्थाको नाम | संयोजकको नाम | सम्पर्क न. |
|---|---|---|---|
| १ | मिलन टोल विकास संस्था | इमानसिंह कार्की | ९८६४८२१६२२ |
| २ | बुद्धनगर टोल विकास संस्था | पदमप्रसाद पौडेल | ९८४७८७३९१३ |
| ३ | सगरमाथा टोल विकास संस्था | सिताकुमारी चौधरी | ९८४७८३४८५२ |
| ४ | इन्द्रेणी टोल विकास संस्था | बालमुकुन्द चौधरी | ९८६६७३४५८९ |
| ५ | शान्तिटोल विकास संस्था | पुरन चौधरी | ९८४७९१६५५० |
| ६ | सांसदरोड नयाँबस्ती टोल | शमशेर बहादुर केसी | ९८६५२९६०९५ |
| ७ | प्रभात टोल विकास संस्था | किनिराम चौधरी | ९८४७८२२९६१ |
| ८ | शंकर टोल विकास संस्था | काम्ताप्रसाद चौधरी | ९८१२८६५३४० |
| ९ | शिव टोल विकास संस्था | शिला चौधरी | ९८६६८४३३०१ |
| १० | पार्वती टोल विकास संस्था | डिलबहादुर क्षेत्री | ९७४२९७७३३२ |

राप्ती गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम

| | कार्यक्रम विवरण | विनियोजन रकम | संघीय समानीकरण | प्रदेश समानीकरण | संघीय राजश्व बाँडफाँड | प्रदेश राजश्व बाँडफाँड | स्थानीय राजश्व बाँडफाँड | आन्तरिक स्रोत | स्रोतसहितको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | वडा नं ८ | | | | | | | | |
| १ | वडा कार्यालय संचालन खर्च | २४८००० | | | | | | | |
| २ | बैठक भत्ता | २५२००० | | | | | | २४८००० | २४८००० |
| ३ | विविध | १००००० | | | | | | २५२००० | २५२००० |
| ४ | कृषि तथा पशुपन्छी विकास कार्यक्रम | ३००००० | ३००००० | | | | | १००००० | १००००० |
| ५ | श्रीनगर पर्यटकीय स्थल स्तरोन्नती, शंकर नर्सरी टनेल, डुङ्गा खरिद तथा शंकर सामुदायिक वन व्यवस्थापन | १०००००० | | १०००००० | | | | | ३००००० १०००००० |
| ६ | मगर संग्रहालय भवन स्तरोन्नती | १००००० | १००००० | | | | | | १००००० |
| ७ | सास्कृतिक प्रवर्द्धन कार्यक्रम | ५०००० | ५०००० | | | | | | ५०००० |
| ८ | चर्च व्यवस्थापन | १००००० | | | | | १००००० | | १००००० |
| ९ | मिलनडाडा देवि माता मन्दिर स्तरोन्नती | २००००० | | | | | २००००० | | २००००० |
| १० | इन्द्रेणी टोल शिव मन्दिर प्रवेशद्धार निर्माण | २००००० | | | | | २००००० | | २००००० |
| ११ | पिपरी मरुवाथान तथा ठाँटी स्तरोन्नती | ५००००० | | | | | ५००००० | | ५००००० |
| १२ | श्रीनगर गुम्बामा पाले पहरेदार तथा माली व्यवस्थापन | १२०००० | १२०००० | | | | | | १२०००० |
| १३ | जेष्ठ नागरिक दिवा सेवा केन्द्र व्यवस्थापन | ५०००० | ५०००० | | | | | | ५०००० |
| १४ | खेलकुद व्यवस्थापन | २५१००० | २५१००० | | | | | | २५१००० |
| १५ | टोल विकास संस्था प्रोत्साहन कार्यक्रम | ४०००० | ४०००० | | | | | | ४०००० |
| १६ | सरसफाई व्यवस्थापन | १००००० | १००००० | | | | | | १००००० |
| १७ | श्रीनगर डाडाँ क्षेत्रमा फ्री वाईफाइ जडान | २५००० | २५००० | | | | | | २५००० |
| १८ | दलित तथा अन्य महिलाका लागि अचार बनाउने तालिम | १००००० | १००००० | | | | | | १००००० |
| १९ | बिजौरी सिरुवा कुलो स्तरोन्नती | ४९१००० | ४९१००० | | | | | | ४९१००० |
| २० | बिजौरी बगिहवा कुलो अधुरो नाला निर्माण | ३००००० | ३००००० | | | | | | ३००००० |
| २१ | शंकर मा वि पिपरी स्तरोन्नती | ३००००० | ३००००० | | | | | | ३००००० |
| २२ | लट्ठवा जाने कुलोमा बाटो स्तरोन्नती | ३००००० | ३००००० | | | | | | ३००००० |
| २३ | पिपरी कुलो स्तरोन्नती बिजौरी | १००००० | १००००० | | | | | | १००००० |
| २४ | तलबन्द्रा कुलो स्तरोन्नती | १००००० | १००००० | | | | | | १००००० |
| २५ | सवृद्धि टोल अधुरो नालामा स्ल्याव निर्माण | १००००० | १००००० | | | | | | १००००० |
| २६ | प्रभात टोल पिपरा सार्वजनिक भवन स्तरोन्नती | १००००० | १००००० | | | | | | १००००० |

(२८)



## ४. राप्ती गाउँपालिका वडा न. ८ ले आ.व. २०८१/०८२ मा संचालन गरेका विकास कृयाकलाप एवंम् गतिबिधिहरुको स्थलगत अवलोकनका क्रममा पहिचान भएका योजनागत सामाजिक पक्षहरु

### ४.१ पूर्वाधार तर्फ

#### ४.१.१ बिजौरी बगिहिवा अधुरो कुलो नाला निर्माण

श्री कमला केसी ( ९८४७८३९४७७)

श्री प्रकाश आचार्य (९८४२४२५३४५)

उपभोक्ता

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- कुलोलाग्ने नाला भएकोले बाटो हिलो हुने समस्या थियो ।
- सडक हिलो पार्ने भएकोले सार्वजनिक काम हिडडुलमा समस्या हुने गरेको थियो ।
- घर र खेत बारीमा पानी पसेर डुवान हुने समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- करिव २५० मिटर पक्की कुलो निर्माण भएको छ ।

**ग) सामाजिक उपलब्धी**

- नालाको पानी चडेर सडक अवरुद्ध पार्ने केहीहद सम्म नियन्त्रण भएको छ ।
- सवारीसाधन आवत जावत गर्ने हुनाले हिडडुलमा सहज भएको छ ।
- खेतीपाती गर्न तथा पानी चार्न सहज भएकोले उत्पादन भएको छ ।
- ढद निकासको पनि काम भएको छ ।



**घ) सुझाव**

- नाला निर्माणको भएपनि कुलो खुला भएकोले ढकनीको आवश्यकता छ ।

### ४.१.२ बिजौरी सिरुवाकुलो स्तरोन्नती

सम्पर्क व्यक्तिः श्री शिला चौधरी (९८६६८४३३०१)
कोषाध्यक्ष, उपभोक्ता समिति



**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- वस्ती विकास हुदै गरेको क्षेत्र भएपनि बर्खा याममा हिलो हुने गरेको थियो ।
- बर्खामा कुलोले गर्दा घर डुवान हुने समस्या थियो ।
- 
- हिडडुलमा समस्या थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- पक्की कलबर्ट निर्माण एउटा भएको छ ।
- करिव २० मिटर लामो नाला निर्माण भएको छ ।

**ग) सामाजिक उपलब्धी**

- डुवानको समस्या समाधान भयो ।
- नाला निर्माणले पानीको निकास सहज यायाता सहज भयो
- उपभोक्ता समिति मार्फत काम भएकोले सडकको स्वामित्व कायम भएको देखिन्छ ।

**घ) सुझाव**

- उपभोक्ता समितिबाट काम गर्दा आफ्नो लगानी धेरै गर्नुपर्न अवस्था भयो ।

### ४.१.३ कृषि तथा पशुपक्षी विकास कार्यक्रम

सम्पर्क व्यक्तिः श्री शिला चौधरी (९८६६८४३३०१), बिजौरी

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- कृषि उत्पान बिक्री गर्ने बेलामा जोख्ने उपकरण थिएन ।
- बिक्री वितरणमा समस्या हुने गरेको थियो ।
- उत्पादनको अभिलेख राख्न गाह्रे थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- वडाका विभिन्न टोलहरुमा डिजिटल तराजु वितरण गरिएको छ ।



**ग) सामाजिक उपलब्धी**

- किसानहरुको उत्पादन अभिलेख राख्न सहज भएको छ ।
- कृषि उत्पादन बिक्री वितरणमा सहज भएको छि ।

**घ) सुझाव**

- बजारीकरणको लागि उत्पादन केन्द्रित कार्यक्रम थप गर्नुपर्ने ।

### ४.१.४ शंकरमा मा.वि पिपरी स्तरोन्नती

सम्पर्क व्यक्तिः दयाराम चौधरी ९८४७९७३१०५

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- कक्षा कोठाको भुई प्लाष्टर नभएकोले धुलो तथा सरसफाईमा समस्या थियो ।
- बिद्यालयमा बिद्यार्थी शिक्षकको सवारीसाधन राख्ने ठाउँ थिएन ।

**ख) सम्पन्न भएका कामहरु**

- बिद्यालय भवनको भूई ढलान भएको छ ।
- सवारी साधन राख्ने सुरक्षित ट्रष्ट निर्माण गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- कक्षाकोठा हाता सफा सुग्घर भएको छ ।
- बालबच्चको पठनपाठनमा सजिलो भएको छ ।
- सवारीसधान पार्किङ सहज र सुरक्षित भएको छ ।




**घ) सुझाव**

- बिद्यालयमा खेलकुद सामाग्री थप गर्नुपर्नेछ ।

### ४.१.५ इन्द्रेणी टोल शिवमन्दिर प्रवेशद्धार निर्माण

सम्पर्क व्यक्तिः श्री पुरन चौधरी

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- शिवमन्दिर टोलभन्दा पछाडि परेको र मूल गेट नुहँदा श्रद्धालुहरुलाई जान समस्या थियो ।
- मन्दिर सौन्दर्यीकरण थिएन ।




**ख) सम्पन्न भएका कामहरु**

- मन्दिर हातामा पक्की गेट निर्माण गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- मन्दिर आउनजान सहज भएको छ ।
- सांस्कृति धरोहरको पहिचान र संरक्षण भएको छ ।
- आन्तरिक धार्मिक पर्यटकहरुको संख्या बृद्धि भएको छ ।

**घ) सुझाव**

- मन्दिर कम्पाउण्डमा फूल र  फलफूलका थप विरुवा लगाउनुपर्नेछ ।
- मन्दिर प्रवेशद्धार देखि मन्दिर सम्म सडक स्तरोन्नती गर्नुपर्ने ।

### ४.१.६ पिपरी मरुवाथान तथा ठाटी स्तरोन्नती

कान्ताप्रसाद चौधरी ( **९८१२८६५३४०**)
**संयोजक शंकर टोल**

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- मरुवाथान फुसको छाना थियो ।
- बर्खायाममा पानी चुहावट हुने समस्या थियो ।
- कुलदेवता पूजा गर्दा साघुरो भएकोले कठिनाई थियो ।
- विवाहहुदा परिक्रमको क्रममा ठटाउने हुँदा जीर्ण भईसकेको थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- मरुवाथानको पिलर सहित भूई ढलान अधुरो कामलाई फिनिसिङ गर्ने काम भएको छ ।
- सिमेन्टको छत ढलान गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- मरुवा थानको दिगो र बलियो संरचना तयार भयो ।

- सामुहिक पूजाआजामा ठाउँ फराकिलो भयो ।
- पटक पटक लगानी गर्नुपर्ने बाध्यता हट्यो ।




**घ) सुझाव**

- कुलदेवताको बासस्थान भएको ठाउँ ढलान गर्नुपर्ने ।
- मरुवाथान परिसर टायल वा पक्की गर्नुपर्ने ।

### ४.१.७ मिलडाँडा देवीमाता मन्दिर स्तरोन्ती

सम्पर्क व्यक्तिः श्री दुर्गा अधिकारी (९८४५३१५९३१

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- देवीमाताको मन्दिर जीर्ण थियो ।
- बर्खामा पानी चुहिने समस्या थियो ।



**ख) सम्पन्न भएका कामहरु**

- मन्दिर मर्मत तथा प्लाष्टरको काम सम्पन्न भएको छ ।
- मन्दिरको छाना टिनको हाल्ने र रङरोकनको काम भएको छ ।

**ग) सामाजिक उपलब्धी**

- मन्दिर निर्णोद्धार भएको छ ।

**घ) सुझाव**

- मन्दिरको प्रचारप्रसार गर्नुपर्ने ।

### ४.१.८ श्रीनगर पर्यटकीय स्थल स्तरोन्नती

सम्पर्क व्यक्ति: श्री दुर्गा अधिकारी

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- पर्यटकीय स्थलमा आगन्तुहरुलाई बिश्राम गर्ने स्थल थिएन ।
- पिकनिक खाने टहरा थिएन ।
- शौचालय तथा खानेपानीको प्रवन्ध थिएन ।
- शकंरतालको पानी निकासको लागि गेटभल्ब तयार गरिएको छ ।



**ख) सम्पन्न भएका कामहरु**

- पर्यटकहरुलाई विश्राम गर्ने १० वटा सिट निर्माण गरिएको छ ।
- २ कोठे शौचालय निर्माण गरिएको छ ।
- पिनिकखाने टहरा निर्माण गरिएको छ ।

**ग) सामाजिक उपलब्धी**

- पर्यटकीय स्थलको आर्कषण बढेको छ ।
- पर्यटकीय स्तलमा सरसफाईमा टेवा पुगेको छ ।

**घ) सुझाव**

- खानेपानी धारा निर्माण गरिएको छ तर पानी दिगो भएन

### ४.१.९ श्रीनगर बौद्धगुम्बा संरक्षण (पालिकास्तर)

सम्पर्क : श्री लुमबहादुर गुरुङ (९८६३११८९८६)

गुम्बा कार्य समिति अध्यक्ष

**ख) निर्माण अगाडिको समस्या**

- गुम्बा परिसरमा बस्ने चौपारी थिएन ।
- गुम्बा सम्मजाने बाटोको व्यस्थित ट्र्याक थिएन ।
- गुम्बावरीपरि पेटी थिएन ।

**ख) सम्पन्न भएका कामहरु**

- इटाको ट्र्याक र पक्की पेटी निर्माण गरिएको छ ।
- गुम्बा भित्र बिद्यूत तथा वाईफाई जडान गरिएको छ ।
- गुम्बामा चौतारी ३ वटा निर्माण गरिएको छ ।



**ग) सामाजिक उपलब्धी**

- पर्यटकहरुलाई सहज भएको छ ।
- आन्तरिक पर्यटकहरुको चहलपहल भएको छ ।
- गुम्बाको सौन्दर्यीकरण भएको छ ।

**घ) सुझाव**

- गुम्बा निर्माण कार्य माष्टरप्लान अनुसार तत्काल निर्माण पूरा गर्नुपर्ने ।

**४.१.१० मगर संग्राहालय स्तरउन्नती**

सम्पर्क व्यक्तिः श्री रणबहादुर थापा (९८४४९९८०९३)
कोषाध्यक्षः नेपाल मगरसंघ

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- सग्रालय निर्माण अपुरो थियो ।
- परिसरमा हिलो तथा पानी जम्ने हुदा कार्यक्रम गर्न असहज थियो ।



**ख) सपन्न भएका कामहरु**

- संग्राहलयको प्राङणमा माटो फिलिङ गर्ने काम भएको छ ।
- भवनको माथिल्लो तला पिलर उठाइएको छ ।

**ग) सामाजिक उपलब्धी**

- बैठक तथा सार्वजनिक काम गर्न सहज भएको छ ।
- सांस्कृतिक धरोधर संरक्षणमा सधाउ पुगेको छ ।

**घ) सुझाव**

- भवन निर्माण कार्यकोलागि थप बजेट व्यबस्थापन गर्नुपर्ने देखिन्छ ।

**४.१.११ खेलकुद व्यबस्थापन**

सम्पर्क व्यक्तिः श्री माधव केसी (९८२९५३५५००)
खेलाडी पिपरी

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- वडास्तरीय खेलकुद प्रवर्द्धन गर्न सकिएको थिएन ।
- खेलाडी प्रोत्साहन कार्यक्रम कम थियो ।

**ख) सम्पन्न भएका कामहरु**

- खेलकुद प्रवर्द्धनका लागि टेन्ट, कुर्सी, माईक,  मेडल लगायत खेलकुद सामग्री खरिद गरियो ।
- प्रतियोगितात्मक क्रिकेट, भलिभल, फूटवल जस्ता खेलहरु आयोजना गरियो ।



**ग) सामाजिक उपलब्धी**

- स्थानीय खेलाडीहरुलाई प्रोत्साहन भयो ।
- 
- खेलकुद प्रवर्द्धनका लागि आवश्यक न्यूनतम सामाग्री तयार गरिएको छ ।

**घ) सुझाव**

- व्यबसायिक खेलाडी उत्पादन गर्न प्रोत्साहानमूलक कार्यक्रमलाई निरन्तरता दिनुपर्ने ।

**४.१.१२ संस्कृति व्यबस्थापन**

सम्पर्क व्यक्तिः श्री छत्रपाल चौधरी  (९८४७८४५९५१)

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- पर्वहरुमा शिवमन्दिरमा भजन कृर्तन गर्न बाजागाजा थिएन ।



**ख) सम्पन्न भएका कामहरु**

- ढोलक, डमरु, खैजडी लगायतका बाद्यसामाग्रीहरु खरिद गरिएको छ ।
- 

**ग) सामाजिक उपलब्धी**

- संस्कृति संरक्षणमा सहयोग पुगको छ ।
- बृद्ध तथा भक्तजनहरुलाई भवन कृर्तन गर्न हौसला पुगेको छ ।

**घ) सुझाव**

- टोल तथा वडाले योजना दिगोपनाको लागि समन्व्यमा थप ध्यान दिनुपर्ने ।

### ४.१.१३ सामाजिक सुरक्षा बृद्धाभत्ता

सम्पर्क व्यक्ति: श्री भक्त बहादुर अधिकारी (७५बर्ष) कोहल्वा

श्री नर्माकुमारी मल्ल (८२ बर्ष) बिजौरी
श्री डोङली चौधरी (८० बर्ष) बिजौरी

**क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?**

- बृद्धा भक्ता निकासाको जानकारी समयमा हुदैनथ्यो ।

**ख) सम्पन्न भएका कामहरु**

- सामाजिक सुरक्षा अर्न्तगत बृद्धभक्ता नियमित छ ।
- टोलविकास मार्फत भक्ता निकासाको जानकारी हुने गरेको छ ।

**ग) सामाजिक उपलब्धी**

- बृद्धभक्ता मार्फत सामाजिक सुरक्षाको अनुभूति भिलेको छ ।
- अत्यावश्यक औषधी खरिद र सामान्वय घरखर्चमा सहयोग पुगको छ ।

**घ) सुझाव**

- एक आई सी वैकमा निकासा हुन्छ तर बषैपिच्छे बायोम्याट्रिक गर्नुपर्दा भन्झट भएको छ ।





## ५. वडाले दिने सेवाहरु सम्बन्धी सामाजिक परीक्षणको क्रममा पाइएका केही सूचना तथा जानकारीहरुको सारसंक्षेप

### ५.१. सामाजिक सुरक्षा सम्बन्धीः

- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख अद्यावधिक अवस्थामा रहेको छ । एन आई सी बैंक मार्फत वितरण प्रवन्ध गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत वितरण गरी सेवालाई भरभर्दो बनाउन प्रयास गरिएको छ ।
- सामाजिक सुरक्षाभत्ता वितरणका लागि स्थानीय बासिन्दा र सरोकारवालाहरुले सचेत र सहयोगी भूमिका निर्वाह गरी वडा कार्यालयको सामाजिक सुरक्षा सम्बन्धी कार्यसम्पादनलाई प्रभावकारी बनाउन सहयोग पु-याएका छन ।

### ५.२. नियमित सेवाप्रवाह (नागरिक सेवा):

- आवधिक रुपमा टोल तथा वडाभित्र शिविर तथा सेवाप्रवाह बारे जानकारी गरेको पाईयो ।
- वडा कार्यालयको आफ्नै फराकिलो कार्यालय भवन मार्फत सेवा प्रवाहमा थप सहज भएको र जनसम्पर्क स्थापना एवंम सेवाग्राही मैत्री कार्यालय भवन रहेको पाईयो ।
- आवश्यकता अनुसार घरजग्गा रजिष्ट्रेशन, नागरिकता, राहदानी, व्यवसाय दर्ता, अनुदान सहयोग प्राप्ती, गरिब तथा विपन्न परिचय-पत्र, स्वास्थ्योपचार सेवा आदिका लागि दिनुपर्ने सिफारिस सेवा समयमै, प्रभावकारी ढङ्गले सहज रुपमा प्रदान गरिएको पाईयो ।
- भूमी सम्बन्धी समस्या समाधानको लागि गठन भएको समितिलाई सहजीकरण तथा बास्तविक भूमिहिनहरुको पहिचानमा प्रमुख भूमिका निर्वाह गरेको पाइयो ।
- नियमित सेवालाई प्रभावकारी बनाउन सेवा प्रदान गरिने कक्ष/विभागहरु अलग अलग गरी व्यवस्थापन गरिएको पाईयो ।
- वडा कार्यालयमा सेवाग्राहीका लागि शौचालय तथा सुरक्षित पिउने पानीको प्रवन्घ गरिएको पाईयो ।
- टोल टोलमा सूचना बोर्ड राखिएको पाईयो ।
- नागरिक बडा-पत्र सार्वजनिक स्थलमा राखेको पाइएन ।
- वडाको आफ्नो अलग्यै गुनासोपेटिका राखेको पाइएन ।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा निर्धारित समयमा सरल र सहज रुपले प्रदान गरिएको छ । सर्जमिन मुचुल्का गर्नुपर्ने घटनाहरु बाहेकको हकमा तत्काल सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको छ ।

### ५.४. स्थानीय विकास निर्माण

- वडास्तरीय वार्षिक योजना तर्जुमाका सबै चरणहरुमा टोलविकास समिति तथा अन्य वडाबासीहरुलाई सहभागीतामूलक प्रकिया अबलम्बन गरिएको छ ।
- योजना तर्जुमा कार्य समय सीमा भित्र सम्पन्न गरिदै आएको छ । बस्तीस्तरबाट छनोट र प्राथमिकीकरण गरिएका योजनाहरुको  कार्यान्वयनलाई नै पहिलो प्राथमिकतामा राख्ने पद्धति अवलम्बन गरिएको छ ।
- गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम, तथा बजेटको प्रकृति अनुरुप वडास्तरीय योजनाहरुको छनोट तथा प्राथमिकीकरण गर्न वडास्तरमा समेत सहजीकरण गरिदै आएको पाइयो । यस प्रकृयामा निर्वाचित जनप्रतिनिधिहरुको भूमिका प्रंशसनीय रहेको पाइयो ।
- आ.व. २०८१/०८२ को अवधिमा गाउँ सभाबाट पारित यस वडाका योजनाहरु मध्ये करीब ९८% योजनाहरु कार्यान्वयन भएको पाईयो ।

गतवर्ष वडा नं. ८ मा संचालित योजनाहरु मध्ये कामको गुणस्तर, उपादेयता, समय, बजेट र जनसहभागिताका दृष्टिले बिजौरी बगिहिवाकुलो निर्माण, बौद्यगुम्बा संरक्षण, श्रीनगर पर्यटकीय स्थल स्तरोन्नती, खेलकुद व्यबस्थापन, पिपरी मरुवाथान तथा ठाटी स्तरउन्नती, नागरिक दिवासेवा केन्द्र संचालन, अचार तयारी तालिम, शिवमन्दिर प्रवेशद्धार निर्माण टोलविकास संस्था समन्वय आदि कार्य नमुनाको रुपमा सम्पन्न भएको छ । सबै योजना पारदर्शी ढङ्गले सम्पन्न भएका छन् ।




- वार्षिक गाउँसभाबाट छनोट भएका योजनाहरु उपभोक्ताहरुको सकृय सहभागितामा कार्यान्वयन भएका छन । नियम संगत भुक्तानीको प्रबन्ध गरिएको छ । योजना संचालन र भुक्तानी प्रक्रियाको बारेमा उपभोक्ता समिति र स्थानीय सेवाग्राहीहरुमा उल्लेख्य प्रकारको गुनासो रहेको पाइएन । तथापी परीक्षण गरिएका पूर्वाधारका योजनाहरुलाई थप बजेट सहित निरन्तरता दिनुपर्ने देखिएको छ ।
- बजेट निकासा तथा बील भुक्तानीका लागि प्रक्रिया पुरागर्न कर्मचारी र जनप्रतिनिधिहरुले सहयोग गरेको स्थानीय उपभोक्ताहरुको प्रतिक्रिया रहेको छ । स्थानीयस्तरमा रहेका केही गुनासोहरु समेत अधिकांश सम्बोधन गरिएका छन ।
- बजेट निकासाका तथा परिचाालनका लागि समयमै प्रबन्ध मिलाईएको छ । बजेट खर्च अघि सोको परिचालनको लागि कार्यविधिमा तोकिएको प्रक्रिया अवलम्बन गरिएको छ ।
- योजनाहरुको पारदर्शीता र जवाफदेहिता अभिवृद्धिका लागि योजनास्तरमा सार्वजनिक परीक्षण अनिवार्य रुपमा गरिदै आएको छ ।
- गाउँ कार्यपालिकाका पदाधिकारी, विषयगत कर्मचारी र प्राविधिकहरुद्वारा उपभोक्त समिति गठनदेखिनै समय समयमा आवश्यकता अनुसार योजनाहरुको स्थलगत सुपरीक्षवेक्षण तथा अनुगमन गरी सार्वजनिक खर्च प्रक्रियालाई जिम्मेवारपूर्ण, पारदर्शी र प्रभावकारी बनाउन प्रयास गरिएको छ । यस प्रक्रियाले निर्माण सम्बन्धी



### ५.५. जनसम्बन्ध, समन्वय र साझेदारी:

- जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीहरु बीचको पहुँच र सम्बन्ध निकट रहेको पाईएको छ ।
- वडा न. ८ कार्यालय भित्र सहयोगी संस्था तथा गैससहरुको समेत लगानीमा कृषि, जलवायु अनुकुलन, आयआर्जन एवं समुदाय परिचालनका नमूना कामहरु संचालन भएका छन् ।
- वडाकार्यालयले समन्वयकै आधारमा प्रदेश स्तरबाट समेत पूर्वाधारयोजनाहरु पर्न सफल भएको देखिन्छ ।
- वडा कार्यालय, गाउँपालिका, जिल्ला र प्रदेशबाट संचालित विकास गतिविधिहरु संयोजनका लागि वडा प्रतिनिधिहरुले समेत समन्वय र साझेदारीका लागि पहल गर्ने गरिएको स्थानीय सेवाग्राहीहरुको प्रतिक्रिया रहेको छ ।
- स्थानीय विकास निर्माण र सार्वजनिक चासोका विषयहरुमा समय समयमा राजनीतिक दल, नागरिक समाज, कर्मचारी, टोलविकास समिति, उद्योग बाणिज्यसंघ, होटल व्यबसायी, यातायात व्यबसायी, बुद्धिजीवि लगायत स्थानीय वासिन्दाहरु बीच समेत सर्वपक्षीय छलफल सहित समन्वय र साझेदारीका सम्भावनाहरु खोज गर्न स्थानीय जनप्रतिनिधिहरुले पहल गरेको पाईयो ।
- औपचारिक रुपमा पेशा-व्यवसायहरु संचालनका लागि स्थानीय उद्यमी-व्यवसायी र व्यापारीहरुलाई पालिकाले प्रोत्साहित गरी त्यस प्रकारको अभ्यास गर्ने उद्यमीहरुलाई सरकारी अनुदान, प्रोत्साहन र पुरस्कार प्राप्तिका लागि सहयोग पु-याउने गरेको पाइयो । यसका लागि वडाको भूमिका महत्वपूर्ण देखिएको छ ।

### ५.६. नागरिक गुनासो तथा सूचना व्यवस्थापन:

- कार्यालयमा हुनुपर्ने आधारभूत सेवा र सेवाग्राही सम्बन्धी तथ्यांक अद्यावधिक अवस्थामा राखिएको छ । कम्प्यूटर प्रणालीमा आधारित तथ्यांक रहेको हुँदा वडाको कार्यसम्पादन प्रणाली छिटो छरितो प्रकारको रहेको यस सामाजिक परीक्षणको क्रममा पाईएको छ ।
- नागरिकहरुको गुनासो सुनुवाईको लागि जनप्रतिनिधिहरुको उपलब्धता सहज रहेको पाईएको छ ।
- सार्वजनिक सुनुवाई, नागरिक अभिमत सुझाव संकलन जस्ता कार्यहरु वडाले गर्दै आईरहेको छ ।
- नागरिक वडापत्र तथा गुनासो पेटिकाको व्यवस्था गरेको पाईएन ।

### ५.७. सार्वजनिक आचरण, आचार संहिताको परिपालना तथा उत्प्रेरणा:

- वडाका जनप्रतिनिधिहरुले आ-आफ्नो सार्वजनिक छविलाई स्वच्छ राख्न प्रयास गरेको र नैतिक रुपले पतन हुने कुनैपनि कामहरुमा संलग्न नभएको सामाजिक परीक्षणको क्रममा स्थानीयको प्रतिक्रिया रहेको छ ।
- विकास निर्माण योजनाहरुको कार्यान्वयनमा आर्थिक फाईदाका लागि जनप्रतिनिधिहरुको प्रत्यक्ष संलग्नता नरहेको पाईएको छ ।



## ६. वडाका केही विद्यमान समस्या तथा सुधारात्मक पक्षहरुः

- सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा गरिएको लगानी पूर्वाधार विकासको तुलनामा अत्यन्त न्यून देखिएको छ ।
- लुम्बिनी प्रदेशको राजधानी घोषणा भई बिस्तारित हुदै गएको क्षेत्र भएको कारणले भौतिक पूर्वाधार विकासको आवश्यकता र जनअपेक्षा अत्याधिक मात्रामा बढेको छ । जनअपेक्षा अनुसारको बजेट व्यवस्थापनका लागि प्रदेश तथा संघीय सरकारसँगको समन्वय यथोचित रुपमा हुन नसकेको पाइन्छ ।
- सामाजिक सुरक्षाभत्ता वितरणको नियमितता र विगतमा वडास्तरमा गरिएको भुक्तानी व्यवस्थाको सेवाग्राहीले प्रशंसा गरेका छन । बैंक मार्फत भुक्तानी दिने निर्णय र रकमको घटबड बारे लक्षित समुदायमा पर्याप्त सूचना पुग्न सकेको छैन ।
- बजारीक्षेत्रको फोहरमैला संलनमा सुधार आएको भएपनि ग्रामीण कच्चीसडक भएको क्षेत्रमा पनि फोहर संकलनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।
- उद्यमशीलता र आर्थिक वृद्धिदर हासिल गर्ने प्रकारका पेशा-व्यवसायहरुको प्रबर्द्धन मार्फत स्थानीय सरकारको राजश्व/कर बृद्धि गर्ने पहल हुन सकेको छैन । निजी क्षेत्र र संघ-संस्थाहरुसँगको समन्वयको अभावमा यस प्रकारका उपलब्धिहरु नगण्य मात्रामा मात्र प्राप्त भएको पाईन्छ ।
- व्यक्तिगत तथा सामुदायिक सरसफाई प्रवर्द्धनमा सुधार भएको छ  तथापी स्वास्थ्यको दृष्टिले नसर्ने रोगहरु नियन्त्रणको लागि सचेतना प्रवर्द्धन गर्नुपर्ने देखिन्छ ।

## ७. सामाजिक परीक्षणको निश्कर्ष तथा सुझावः

- समष्टिगत विकास प्रयासका हिसाबले ९८ प्रतिशत भन्दा धेरै योजनाहरु सम्पन्न भएका छन ।
- पूर्वाधार विकास, सडक निर्माण तथा मर्मत, स्वास्थ्य क्षेत्र, लक्षितवर्गका प्रबर्द्धनात्मक कार्यक्रम, रोजगारमूलक सीप विकास, दीर्घकालिन वातावरणीय संरक्षण तथा सौन्दर्यीकरण र शिक्षा सम्बन्धी कार्यक्रमहरुको उपलब्धि उच्च देखिए पनि आर्थिक समृद्धिका दृष्टिले मेरुदण्डको रुपमा रहेको कृषि, सिंचाई र पशुपालन क्षेत्रमा योजना मुताविक कम प्रगति देखिएकोले आगामी दिनमा उल्लिखित क्षेत्रको समेत उच्च कार्यसम्पादनका लागि प्राथमिकता दिन आवश्यक ठानिएको छ ।
- योजनाहरुको कार्यान्वयन चरणमा विज्ञ जनशक्ति, संचार जगतका प्रतिनिधिहरु सहित जनप्रतिनिधिहरुबाट गरिनुपर्ने सुपरीवेक्षण तथा अनुगमन कार्यमा केन्द्रित हुन आवश्यक देखिएको छ
- सम्पन्न भएका कार्यक्रमहरुको उपलब्धी सहितको रिपोर्ट तयार गरी प्रचारप्रसार गर्नुपर्ने आवश्यक ठानिएको छ ।
- राप्ती गाउँपालिका वडा न. ८ बहुधार्मिक तथा बहुसांस्कृतिक, बजारोन्मुख क्षेत्रको प्रबर्द्धन, विकास र स्थानीय पर्यटन प्रबर्द्धनका लागि योजनाबद्ध विकास रणनीतिको आवश्यकता रहेको छ ।
- नागरिक गुनासो व्यवस्थापनलाई विधिसम्मत रुपमा व्यवस्थित गर्ने र समय समयमा जनप्रतिनिधि तथा कर्मचारीहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई, गुनासो चौतारी जस्ता जनतासँगको साक्षात्कार कार्यक्रमहरु सञ्चालन गरी जनगुनासो कम गर्ने र जनप्रतिनिधि-सेवाग्राही सम्बन्धलाई पुनर्ताजगी गर्न उपयुक्त ठानिएको छ ।
- वडा कार्यालयले विभिन्न शीर्षकमा अनुदान वा सहुलियत रुपमा वितरण गरिने बिऊ बिजन, सामाग्री तथा तालिम सहभागि छनौट गर्दा टोलविकास संस्थाका प्रतिनिधि समेतको सहयोगमा छनौट गर्दा अझ प्रभावकारी हुने सुझाव पेश गरिन्छ ।
- टोलविकास संस्थालाई संस्थागत क्षमता विकास सहित न्यूनतम व्यबस्थापकीय सामाग्री उपलब्ध गराउनुपर्ने ।
- वडामा नागरिक सेवा प्रभावकारी गर्नका लागि सुझावपेटिका तथा नागरिक वडापत्र राख्नुपर्ने देखिन्छ ।






उद्योग, वन तथा वातावरण मन्त्रालय
लुम्बिनी प्रदेश
नकुहिने फोहोर
कुहिने फोहोर


श्रीनगर बौद्ध गुम्बा